मार्च २४, २००८

## विश्व पानी दिवस मार्च २४, २००८ का अवसरमा अमेरिकी राजदूतावासद्वारा गोष्ठीको आयोजना

विश्व पानी दिवसका अवसरमा पानीसम्बन्धी विषयहरुमा छलफल गर्न आज मार्च २४ तारिख अमेरिकी राजदूतावासमा एक गोष्ठीको आयोजना गरियो । गोष्ठी यो वर्षको विश्व पानी दिवसको नारा "सरसफाई महत्वपूर्ण छ" भन्ने विषयमा आधारित थियो ।

नेपालको भविष्यका पानीसम्बन्धी प्राथमिकताहरुमा केन्द्रित उक्त गोष्ठीमा यहाँको पानीको आवश्यकता पूरा गर्नका लागि अमेरिकी जनताको तर्फबाट भएका योगदानको पनि चर्चा गरिएको थियो ।

गोष्ठीमा प्रारम्भिक मन्तव्य दिँदै राजदूत न्यान्सी जे. पावेलले सफा पानी र सरसफाईको उपलब्धता, पर्याप्त पानी वितरण तथा काठमाडौं उपत्यकाको ढल निस्कासनको उचित व्यवस्थापन जस्ता चुनौतिको सामना गर्न नेपाल तथा नेपालका सहयोगीहरु एकजुट हुने कुरामा आफू विश्वस्त रहेको बताउनुभएको थियो ।

सन् १९८० को दशकको शुरुवाततिर नेपालमा आफ्नो पहिलो कार्यकालमा आउँदाखेरीको उपत्यकाको प्राकृतिक सौन्दर्यको सम्भना गर्दै वहाँले सम्पूर्ण नेपालीलाई त्यस्तो काठमाडौं उपत्यकाको निर्माण गर्नका लागि आह्वान गर्नुभयो, जुन वातावरणीय हिसावले स्वस्थ होस् र जहाँ पवित्र बागमती नदीको स्वच्छ पानी वर्षैभरी कलकलाइरहोस् ।

कार्यक्रमका अन्य वक्ताहरुमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. जगदीशचन्द्र पोखरेल, राष्ट्रिय प्रकृति संरक्षण कोषका डा. सिद्धार्थ बज्राचार्य, फिल्टर्स फर फ्यामिलिज नेपालका निर्देशक डा. लिन्डा स्मिथ, माउन्टेन इस्टिच्युटका ब्रायन पेनिस्टन, युएसएडका सरसफाई सुधार परियोजना निर्देशक अरिनिता श्रेष्ठ, तथा अमेरिकी फूलब्राइट स्कलर टाइलर म्याक्मोहन हुनुहुन्थ्यो ।

कार्यक्रममा पानी विशेषज्ञ, वरिष्ठ सरकारी अधिकारीहरु, द्विपक्षीय तथा बहुपक्षीय संस्थाहरु, राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, वातावरण पत्रकारहरू, विद्वत्वर्ग, तथा विश्वविद्यालयका विद्यार्थीहरूको उपस्थिति थियो ।

########